# पुतलीबजार नगरपालिकाको
# १७ औं नगर सभामा

उप- प्रमुख श्री देवी अर्याल द्वारा प्रस्तुत

आर्थिक वर्ष २०८२/८३ को

## बजेट वक्तव्य

**पुतलीबजार नगरपालिका**
**प्रगतिनगर, स्याङ्जा**

**नगर सभा सदस्यज्यूहरु,**

नेपाली जनताको चाहाना र बलिदानपुर्ण संर्घषबाट आएको नेपालको संविधान, २०७२ र स्थानीय सरकार संचालन ऐन, २०७४ ले दिएको अधिकार क्षेत्र भित्र रही आर्थिक वर्ष ०८२/८३ को बजेट तथा कार्यक्रम यस सभामा प्रस्तुत गर्न पाँउदा आफुलाई गौरवान्वित महसुस गरेको छु ।

नेपालमा प्रजातन्त्रको स्थापना गर्नका लागी भएको आन्दोलन देखी संघिय लोकतान्त्रिक गणतन्त्रको स्थापना र त्यसको संस्थागत विकासका क्रममा भएका विभिन्न आन्दोलनमा आफ्नो अमूल्य जिवन वलिदान दिने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धा सुमन व्यक्त गर्दछौ । यसका साथै प्रजातान्त्रिक आन्दोलनको नेतृत्व गर्ने सबै राजनैतिक दलका आदरणीय नेतृत्व र आन्दोलनमा सहभागी नेपाली दाजुभाई तथा दिदिबहिनीहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु ।

हाम्रो सरकारले चालु आर्थिक वर्षमा ल्याएको नीति तथा कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने सम्पुर्ण नगरवासीहरुलाई धन्यवाद व्यक्त गर्दै आगामी वर्ष ०८२/८३ को प्रस्तावित नीति तथा कार्यक्रम र बजेट तर्जुमा गर्ने क्रममा आवश्यक राय, सल्लाह सुझाव दिने सम्पुर्ण राजनैतिक दल, नागरिक समाज, निर्वाचित जनप्रतिनिधीज्यूहरु आम नगरवासी दाजुभाई तथा दिदिबहिनीहरु र कर्मचारी मित्रहरु प्रति आभार व्यक्त गर्दछु । प्रस्तावित आर्थिक वर्ष ०८२/८३ को बजेट तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, २०७२, स्थानीय सरकार संचालन ऐन, २०७४ र बजेट तर्जुमा गर्दा अवलम्वन गर्नुपर्ने प्रचलित ऐन, नियम तथा मापदण्ड भित्र रही तयार गरिएको छ ।

**अब म,** नगरपालिकाको आर्थिक वर्ष २०८१/८२ जेठ मसान्त सम्मको संक्षिप्त आय व्ययको प्रगती समीक्षा प्रस्तुत गर्न चाहन्छु ।

आर्थिक वर्ष २०८१/८२ को लागि कुल **१ अरब ३४ करोड ६० लाख ५६ हजार** ४ **सय १५** आय प्रस्ताव गरिएको मा जेठ मसान्त सम्म **१ अरब १६ करोड ७७ लाख ४० हजार १ सय ६८ रुपैया** अर्थात **८६.७५** प्रतिशत मात्र लक्ष्य प्राप्त भएको छ ।

चालु खर्च तर्फ कुल **५९ करोड ६३ लाख ६५ हजार** ४ **सय १५** रुपैंया व्यय अनुमान गरिएकोमा हालसम्म ४२ **करोड ९६ लाख ५३ हजार** ४ **सय ९७** अर्थात **७२.०५** प्रतिशत खर्च भएको छ भने पुंजीगत तर्फ कुल **७४ करोड ९६ लाख ९१ हजार** व्यय अनुमान गरिएकोमा **४० करोड ७७ लाख ६७ हजार २ सय ७० रुपैंया** अर्थात **५४.३९** प्रतिशत गरी कुल समग्रमा **६२.२१** प्रतिशत प्रगति हासिल भएको छ ।

संघिय सरकारवाट प्राप्त हुने समानीकरण अनुदान र बाँडफाँड भइ प्राप्त हुने राजश्व तथा प्रदेश सरकारबाट प्राप्त हुने सवारी साधन कर समेत घटबढ हुने जानकारी प्राप्त भएकोले कार्यक्रम तथा आयोजनामा भुक्तानी दिने दायित्वमा समेत घटबढ हुने सम्भावना देखिएको छ । अन्तरसरकारी वित्तीय हस्तान्तरणमा लक्ष्य अनुसार प्रगति हुन नसक्दा चालु आर्थिक वर्षका योजना तथा कार्यक्रम सम्पन्न गर्नमा थप चुनौती थपिएको छ ।

**नगर सभाध्यक्ष ज्यू ,**

**नगर सभाका सदस्यज्यूहरु**

अव म, आगामी आर्थिक वर्षको बजेट तथा कार्यक्रम तयार गर्दा लिएका आधारहरु प्रस्तुत गर्न अनुमति चाहन्छु ।

नेपालको संविधान, २०७२
स्थानीय सरकार सञ्चालन ऐन २०७४,
प्रचलित संघीय तथा प्रदेश कानूनहरु,
संघीय तथा प्रदेश सरकारले लिएका नीति, कार्यक्रम र बजेट वक्तव्य,
दिगो विकासका लक्ष्य,
नेपाल सरकारको १६ औ आवधिक योजना,
पुतलीबजार नगरपालिकाको आवधिक नगर विकास योजना, २०७७|७८-२०८१|८२,
नगरपालिकाको आर्थिक वर्ष २०८२/८३ को नीति तथा कार्यक्रम,
विभिन्न राजनीतिक दल, माननीयज्यूहरु, स्थानीय बुद्धिजीवी, ,टोल विकास संस्था विषय विज्ञहरुको राय सल्लाह सुझाव समेतलाई मूल आधारका रुपमा लिइएको छ।

**सभाध्यक्ष ज्यू ,**

**सभाका सदस्यज्यूहरु**

आगामी आर्थिक वर्ष २०८२/८३ को प्रस्तावित बजेटका उद्धेश्य तथा प्राथमिकता देहाय बमोजिम रहेका छन् ।

**उद्धेश्यहरु :**

क) नगरबासीको न्यूनतम आधारभूत आवश्यकताहरुको परिपूर्ति गर्नमा सहयोग पु-याउने,

ख) सार्वजनिक खर्चमा पारदर्शिता, मितव्ययिता र उत्तरदायित्व वहन गराउदै वित्तीय अनुशासन र सुशासन कायम गर्ने,

ग) कृषि क्षेत्रमा यान्त्रिकरण र व्यावसायीकरण गर्दै रोजगारी सृजना गर्ने र गरिबी न्यूनीकरणमा सहयोग पु-याउने,

घ) सार्वजनिक, निजी र सहकारी क्षेत्रसँग सहकारी गर्दै विकास निर्माणका कार्यहरु गर्ने,

ङ) उपलब्ध स्रोत र साधनको अधिकतम प्रयोग गर्दै उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्ने,

च) संविधान प्रदत्त स्थानीय सरकारका अधिकारको अधिकतम उपयोग गर्ने ।

**प्राथमिकताहरु :**

क) पूर्वाधार विकासमा जोड दिंदै अधुरा तथा क्रमागत आयोजनाहरु सम्पन्न गर्ने ।

ख) शिक्षा, स्वास्थ्य, खानेपानी, संस्कृति प्रवर्द्धन, जस्ता सामाजिक क्षेत्रमा लगानी वृद्धि गर्ने ।

ग) कृषिक्षेत्रको व्यावसायीकरण र आधुनिकीकरण मार्फत कृषकको जीवनस्तरमा सुधार गर्ने ।

घ) सार्वजनिक सेवा प्रवाहलाइ गुणस्तरीय, पारदर्शी, र प्रविधिमैत्री बनाई सुशासन कायम गर्ने ।

ङ) फोहोरमैला व्यवस्थापन, वातावरण संरक्षण र विपद् व्यवस्थापनलाई प्रभावकारी बनाउन सरसफाई केन्द्रको आधुनिकीकरण गर्ने।

**सभाध्यक्ष ज्यू ,**

**सभाका सदस्यज्यूहरु,**

अब म, आर्थिक वर्ष २०८२/८३ को विषय क्षेत्रगत बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने अनुमती चाहन्छु।

**क) पूर्वाधार विकास तर्फ :**

१. संघीय सरकारको समपुरक साझेदारीमा संचालन हुने गरी स्वीकृत भएको बहुवर्षीय आयोजना **ड्राइभर टोल, जोगी चौर, आमडाँडा, वडा नं १४ को वडा कार्यालय हुँदै सतहुँ मैदान सडक** स्तरोन्नतिका लागि संघीय सरकारबाट ९० लाख प्राप्त भएकोमा नगरपालिकाबाट समपुरक साझेदारी हुने गरी **रु २ करोड विनियोजन** गरेको छु ।

२. गण्डकी प्रदेश सरकारको समपुरक साझेदारीमा संचालन हुने गरी स्वीकृत भएको वडा नं ११ मा रहेको **मायाटारी पोखरीचौर बेलवास सडक स्तरोन्नतिका लागि प्रदेश सरकार** बाट रु **६० लाख** प्राप्त भएकोमा नगरपालिकाको समेत साझेदारी हुने गरी रु **९० लाख** विनियोजन गरेको छु ।

३. नगरका महत्वपूर्ण सडकका लागि नगर गौरबका योजनाका रुपमा तथा अन्य योजना तथा कार्यक्रमलाइ नगरस्तरीय र वडा स्तरीय योजनको रुपमा पेश गरेको छु ।

४. आकास्मिक रुपमा उपचार गर्नुपर्ने नगरवासीहरुको उद्धार र उपचारमा सहजीकरण गर्ने प्रादेशिक अस्पताल परिसरमा हेलिप्याड निर्माण गर्न बजेट विनियोजन गरेको छु ।

५. वडाका विभिन्न सरोकारवालाहरुको सहभागितामा छनौट भइ वडा समितिद्वारा पेश गरिएका योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन गरेको छु ।

६. नगरका वडा तथा टोल जोड्ने अन्य विभिन्न सडक तथा अन्य संरचनाहरुको मर्मत सम्भारको लागि मर्मत सम्भार गरि नियमित संचालनमा ल्याउने गरी मर्मत सम्भार कोषमा बजेटको व्यवस्था मिलाएको छु ।

७. नगरपालिका भित्र निर्माणाधिन रहेका झोलुङ्गे पुलको निर्माण सम्पन्न गर्न र सम्पन्न भइसकेका झोलुङ्गे पुलको भुक्तानीका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

८. **“ सुगन्धित फुल सफा सहर स्वच्छ हरियाली र सुरक्षित बजार ”** विकासका लागि सडक बत्ती जडान कार्य, भैरहेका सडक बत्तीको मर्मत तथा CCTV जडान र मर्मत गर्न रु **६० लाख** विनियोजन गरिएको छ ।

९. शहरी शासकीय सुधार कार्यक्रम अन्तर्गत सशर्त अनुदानमा शहरी विकास अनुदान शीर्षकमा रु **१२ करोड ८१ लाख ८१ हजार** बजेट प्राप्त भएकोमा वडा नं ८ को वडा कार्यालयलाई जोड्ने प्रगती नगर वहाकोट नाम्चे काल्खु सडक निर्माणको बाँकी सडक विस्तार गरिनेछ ।

१०. भौतिक पुर्वाधार तर्फ सडक तथा पुल, सिंचाई, भवन तथा सहरी विकास, संचार, उर्जा लागायतका योजनाका लागि कुल रु. **३५ करोड ६४ लाख २४ हजार १ सय ४३** विनियोजन गरेको छु।

**ख) आर्थिक विकास तर्फ :-**

११. कृषिमा यान्त्रीकरण र साना सिचाई कार्यक्रम, माटो परीक्षण, एक वडा एक नर्सरी, किसान सुचीकरण, भैंसी पकेट विकास कार्यक्रम लगायत अन्य विभिन्न कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु।

१२. पशु विकास तर्फ पशु स्वास्थ्यमा सुधारका लागि कृषकहरुलाई निःशुल्क औषधी वितरण, पशुस्वास्थ शिविर, रेविज लगायतका रोग विरुद्दको खोप, पशु स्वास्थ्य प्रयोगशाला व्यवस्थापन, पशुपालन प्रवर्दन, कृत्रिम गर्भाधान लगायत कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छु ।

१३. गरिबी निवारणका लागि लघुउद्यम कार्यक्रम, गरिवसँग विश्वेश्वर कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रमका लागि संघीय सरकार संग नगरपालिकाको समेत साझेदारीमा कार्यक्रम संचालन गरिनेछ ।रोजगार प्रवर्द्धन कार्यक्रम (सामी परियोजना), एक गाउँ एक प्राविधिक कार्यक्रमका कर्मचारीको पारिश्रमिकका लागि समेत नगरको साझेदारी गरिनेछ ।

१४. नगरभित्र आउने पर्यटकहरुलाई सुसूचित गर्नका लागि पर्यटकीय संकेत चिन्ह, धार्मिक, ऐतिहासिक, प्राकृतिक पर्यटकीय स्थलहरुको विकास, संरक्षण र संवर्द्धनका लागि कार्यक्रम सञ्चालनको व्यवस्था मिलाएको छ ।

१५. जमिन बाझो राख्ने कार्यलाई निरुत्साहित गर्न प्रोत्साहन स्वरूप खेती लगाउने कृषकहरुलाई नगद प्रति रोपनी अनुदान रु २००० का दरले उपलब्ध गराउने व्यवस्था मिलाएको छु ।

१६. संघीय र प्रदेश सरकारसँगको साझेदारीमा कृषि, पशु, उद्यम विकास,पर्यटन, सहकारी, रोजगारी सिर्जना लगायतका कार्यक्रम संचालन गर्न आवश्यक बजेट बिनियोजन गरिएको छ ।

१७. आर्थिक विकास तर्फ कृषि, पशु, उद्योग तथा वाणिज्य,पर्यटन, सहकारी, वित्तीय क्षेत्र, रोजगारी लागायतका कार्यक्रमका लागि कुल रु. **२ करोड ७० लाख ३६ हजार** विनियोजन गरेको छु।

**ग) सामाजिक विकास क्षेत्र**

१८. आर्थिक रुपमा अति विपन्न नगरबासीलाई नगर-प्रमुख संग खाना नाना र छाना कार्यक्रम अन्तर्गत विपन्न घर परिवारलाई शौचालय निर्माण गर्न तथा विपन्न घर धुरीमा छाना निर्माणमा सहयोगका लागि बजेट विनियोजन गरिएको छ।

१९. शिक्षाको गुणस्तर विकास गर्न विद्यालय तथा शिक्षकहरुको क्षमता विकासको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

२०. नगर शिक्षा योजना तयारी, स्थानीय पाठ्यक्रमको श्रोत पुस्तक बारे अभिमुखीकरण, कक्षा ५ र ८ को परीक्षा व्यवस्थापन, उत्कृष्ट विद्यार्थी पुरस्कार लगायतका कार्यक्रमका लागि बजेट व्यवस्था गरेको छु ।

२१. प्रारम्भिक वालविकास सहजकर्ता, विद्यालय कर्मचारीहरुको लागि न्युनतम पारिश्रमिक प्रदान गर्न नगरको तर्फबाट थप तलब व्यवस्था गरिएको छ ।वालविकास देखि कक्षा ५ सम्म अध्ययन गर्ने विद्यार्थीहरुको लागि नेपाल सरकारले उपलव्ध गराउने खाजा रकममा प्रति विद्यार्थी रु ५ थप गर्ने गरी बजेट विनियोजन गरेको छु ।

२२. प्राविधिक शिक्षा पढ्ने विद्यार्थीको लागि छात्रवृति प्रदान गर्ने कार्यक्रमलाई निरन्तरता दिने गरी बजेट व्यवस्था गरेको छु ।

२३. राष्ट्रपति रनिङ्ग शिल्ड खेलकुद प्रतियोगिता, मेयर संग खेलकुद प्रवर्द्धन, मेयर कप खेलकुद, वडा अध्यक्ष कप लगायतका कार्यक्रम सञ्चालन तथा एक वडा एक खेल मैदान निर्माणका लागि बजेट विनियोजन गरेको छु ।

२४. नगरभित्र संचालनमा रहेका पाणिनी गुरुकुलम, चण्डीकालिका बहिरा विद्यालय र मदर्साहरुका लागि अनुदान उपलव्ध गराइनेछ ।

२५. जेष्ठ नागरिकहरुको स्वास्थ्य सुरक्षा र संवेदनशीलतालाई ध्यानमा राखी नियमित रुपमा निशुल्क जाँच तथा निशुल्क औषधी वितरण गर्ने तथा ज्येष्ठ नागरिक सम्मान कार्यक्रम संचालन गर्न बजेट विनियोजन गरेको छु ।

२६. उप प्रमुख संग महिला कार्यक्रम, गर्भवती महिलालाई क्याल्सियम चक्की, सुत्केरी आमा पोषिलो खाना कार्यक्रम, आँखा शिविर , पाठेघरको मुखको क्यान्सर स्क्रिनीङ्ग, लगायतका निःशुल्क स्वास्थ्य शिविर, विद्यालयमा जुकाको औषधी वितरण, महिला स्वास्थ्य स्वयं सेविका यातायात खर्च लगायतका लागि बजेट विनियोजन गरेको छु।

२७. नगर प्रमुखसंग लोपोन्मुख तथा सीमान्तकृत जाति, गन्धर्व, माझी, बोटे, कुमाल, वादी, सरसफाई कर्मी, महिला स्वयं सेविका लगायत विपन्न परिवारको निःशुल्क स्वास्थ्य बीमाको लागि बजेट विनियोजन गरेको छु ।

२८. उप-प्रमुखसंग एकल महिला, द्वन्द पीडित महिला , अपाङ्गता भएका व्यक्ति , बालबालिका आदि लक्षित वर्गको लागि क्षमता विकास, सचेतना कार्यक्रम तथा सहयोगी सामग्री वितरणको लागि बजेट विनियोजन गरेको छु ।

२९. उप-प्रमुखसंग अति अशक्त अपाङ्ग सुसारे सहयोग, बालकल्याण कोष स्थापना, लैंगिक हिँसा पीडित राहत कोष स्थापना, लागि बजेट व्यवस्था गरेको छु ।

३०. सामाजिक सुरक्षा कार्यक्रम तर्फ जेष्ठ नागरिक, एकल महिला, विधवा, अपाङ्ग, दलित, जेष्ठ नागरिक तथा वाल पोषण भत्ताका लागि संघीय सरकारवाट रकम प्राप्त हुने भएकोले सोही बमोजिम खर्च हुने व्यवस्था मिलाएको छु ।

३१. समग्र सामाजिक विकास क्षेत्रका शिक्षा,स्वास्थ्य,खानेपानी र सरसफाई,संस्कृति प्रवर्द्धन,लैंगिक समानता तथा सामाजिक समावेशीकरण लगायतका कार्यक्रम संचालन गर्न कुल **रु. ३८ करोड ६४ लाख ९६ हजार ५ सय** बिनियोजन गरेको छु ।

## घ) संस्थागत क्षमता विकास तथा सेवा प्रवाह :

३२. सेवा प्रवाहलाई चुस्त दुरुस्त र पारदर्शी बनाउन डिजिटल सेवा प्रवाह कार्यक्रमको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

३३. नगरपालिकाको सेवा प्रवाह सम्बन्धमा नागरिकलाई जानकारी दिने र नागरिकको गुनासो सुन्ने गरी सार्वजनिक सुनुवाई , सामाजिक परीक्षण, नगर प्रमुखसंग रेडियो कार्यक्रम, टेलिभिजन कार्यक्रम, संचालन गर्नको लागि बजेट व्यवस्था गरेको छु ।

३४. नगरका करदाताहरुलाई कर सम्बन्धी शिक्षा दिन अभिमुखीकरण कार्यक्रम तथा घर दैलो अभियान संचालनको लागि बजेट विनियोजन गरेको छु ।

३५. आन्तरिक राजस्वको प्रभावकारी संकलन र उपयोगको लागि राजस्व सुदृढीकरण कार्यक्रम सञ्चालन गर्नका लागि बजेट विनियोजन गरेको छु ।

३६. संस्थागत क्षमता विकास तथा सेवा प्रावाह अन्तर्गत मानव संसाधन विकास,स्थानीय तथ्यांक संकलन र अभिलेख व्यवस्थापन,सूचना प्रविधि ,संस्थागत क्षमता विकास,सार्वजनिक सुनुवाई ,राजश्व परिचालन ,सामाजिक परीक्षण,वित्तीय व्यवस्थापन ,पंजीकरण ,वित्तीय जोखिम न्यूनीकरण,शुसासन प्रवर्द्धन,अनुसन्धान तथा विकास, सुरक्षा व्यवस्था लगायतका क्षेत्रमा कुल रु. २३ करोड ४० लाख ३२ हजार विनियोजन गरेको छु ।

## ङ) वन वातावरण सरसफाई तथा विपद् व्यवस्थापनः

३७. संघीय सरकारको विशेष अनुदानमा मालेबगरमा रहेको सरसफाईकेन्द्रमा फोहर मैला ब्यबस्थापन सम्बन्धी आधुनिक प्रबिधि उपकरण जडानका लागि प्राप्त रु **१ करोड** ४० लाखबाट एक डोजर र डस्टबिन खरिद गरी बजार क्षेत्रमा राख्ने गरी वितरण गरिनेछ ।

३८. संघीय सरकारको विशेष अनुदानमा प्राप्त **रु. ६७ लाखबाट** मालेबगर कभर्ड हल, खेलमैदान, फोहोर मैला प्रशोधन केन्द्र, बधस्थल संरक्षणका लागी नहर व्यवस्थापनको कार्य अगाडी बढाइनेछ ।

३९. विपद् जोखिमको कारणले भएको क्षतिमा तत्काल राहत उपलब्ध गराउन वडा स्तरीय विपद् समितिको सिफारिसमा राहत उपलब्ध गराउने गरी विपद् व्यवस्थापन कोषमा रकम बिनियोजन गरी व्यवस्था मिलाएको छु ।

४०. वन वातारण तथा विपद् व्यवस्थापन अन्तर्गत वन तथा भू संरक्षण, जलाधार संरक्षण, जलवायु परिवर्तन, वातावरण संरक्षण, फोहर मैला व्यवस्थापन, जल उत्पन्न प्रकोप नियन्त्रण, विपद व्यवस्थापनका लागि **रु. ३ करोड ५७ लाख** वजेट व्यवस्था गरेको छु ।

४१. आर्थिक वर्ष २०८२/८३ को लागि चालू खर्च तर्फ **रु. ६२ करोड ३१ लाख ३४ हजार १ सय ९६ र पैसा ५२** अर्थात **५८.२४** प्रतिशत र पूँजिगत खर्च तर्फ **रु.** ४४ **करोड ३७ लाख ७७ हजार** अर्थात **४१.७६** प्रतिशत गरी जम्मा **रु. १ अरब ६ करोड ९९ लाख ११ हजार १ सय ९६ पैसा ५२** बजेट प्रस्ताव गरिएको छ ।

**सभाध्यक्ष ज्यू , सभाका सदस्यज्यूहरु**

नगरपालिकाले आफ्नो आन्तरिक आयको दायरा फराकिलो बनाई आन्तरिक राजस्व वृद्धि गर्न सकेमा नगरपालिकाको आफ्नो आत्मनिर्भरता बढ्दै जाने र क्षमता विकास हुँदै जाने देखिएतापनि कर राजस्वको वृद्धिले नगरवासीमा नकारात्मक असर पर्ने हुँदा सम्पत्ति कर, सिफारिस दस्तुर लगायतका करका दरहरु अपेक्षाकृत रुपमा वृद्धि गर्न सकिएको छैन । आन्तरिक राजस्व सुदृढीकरणको लागि राजस्व सुधार योजना अनुरुप आयको वृद्धि गर्ने गरी राजस्व सम्बन्धी कानून, राजस्व प्रणाली र राजस्व प्रशासनमा सुधार गर्दै लगिनेछ । व्यवसाय कर, सम्पत्ति कर , बहाल कर आदि जस्ता करका महत्वपूर्ण श्रोत हरुको असुली तथा उपयोगको लागि थप अध्ययन गर्नुपर्ने आवश्कता महशुस भएको छ । यदि उल्लेखित सुधार गर्न सकेमा नगरपालिकाले लिएको समृद्धिको लक्ष्य हासिल हुनमा टेवा पुग्ने देखिन्छ।

**सभाध्यक्ष ज्यू ,**

**सभाका सदस्यज्यूहरु**

आगामी आर्थिक वर्ष २०८२/८३ को लागि राजस्व संकलन र विनियोजनलाई व्यवस्थित गर्न आर्थिक विधेयक, २०८२ र विनियोजन विधेयक, २०८२ अनूसुची-१ र अनुसूची -२ मा समावेश गरेको छु ।

**अन्त्यमा,**

बजेट तर्जुमाको सिलसिलामा मार्गदर्शन प्रदान गर्नुहुने श्रद्धेय नगरप्रमुख सभाका सदस्यज्यूहरु, लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरु तथा आ-आफ्नो क्षेत्रबाट राय, सल्लाह, सुझाव दिई सहयोग गर्नुहुने आम नगरवासी, राजनीतिक दलका नेतृत्वगणहरु, माननीयज्यूहरु, विज्ञ समितिका सदस्यज्यूहरु, वुद्धिजीवी वर्ग , निजी क्षेत्र, नागरिक

समाज, टोल विकास संस्था, संचारकर्मी आदि सबैमा आभार तथा धन्यवाद व्यक्त गर्न चाहन्छु । यो प्रस्तावित बजेट कार्यान्वयनमा सरोकारवाला सम्पूर्ण पक्षबाट सदैब सकारात्मक सहयोग र समर्थन मिल्ने विश्वास लिएकी छु । प्रस्तुत बजेटको दफावार छलफलमा यस सभाबाट थप रचनात्मक सुझावहरुको अपेक्षा सहित हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

**धन्यवाद !**

<u>आगामी आ.व २०८२/८३ को लागि श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट कायम हुन आएको रकम</u>

**आय अनुमान**

| | |
|---|---|
| समानिकरण अनुदान (संघीय ) | १३ करोड ९३ लाख |
| सशर्त अनुदान (चालु )— ( संघीय) | ३७ करोड ३१ लाख |
| सशर्त अनुदान ( पुँजीगत )— (संघीय) | २० करोड ५० लाख |
| विशेष अनुदान (संघीय) | २ करोड ७ लाख |
| समपुरक अनुदान (संघीय) | ९० लाख |
| समानिकरण अनुदान ( गण्डकी प्रदेश) | १ करोड ८७ लाख ६१हजार |
| समपुरक अनुदान ( गण्डकी प्रदेश) | ६० लाख |
| विशेष अनुदान ( गण्डकी प्रदेश) | ३६ लाख |
| सशर्त अनुदान ( गण्डकी प्रदेश ) | २ लाख |
| घर जग्गा रजिष्ट्रेशन दस्तुर (मालपोत कार्यालयबाट प्राप्त हुने ) | ९५ लाख |
| बाडफाड भई प्राप्त हुने मुल्य अभिवृद्धि कर | ७ करोड ९६ लाख ७५ हजार ९ सय ८२ |
| बाडफाड भई प्राप्त हुने अन्तशुल्क | २ करोड ६५ लाख ५८ हजार ६ सय ६१ |
| बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर | १ करोड ४२ लाख ६३ हजार |
| बाँडफाँड भई प्राप्त हुने वन रोयल्टी | ३० हजार |
| बाँडफाँड भई प्राप्त हुने विज्ञापन कर | ३ लाख |
| बाँडफाँड भई प्राप्त दहत्तर बहत्तरको विक्रिबाट प्राप्त हुने आय | १ करोड २० लाख |
| आन्तरिक श्रोत अल्या समेत | १४ करोड ९४ लाख २२ हजार ५ सय ५३ र पैसा ५२ |